का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १८, अंक ५९
❒ २८ चैत्र २०७६, शुक्रबार
❒ 10 April 2020, Friday
www.madhyanhadaily.com

पृष्ठ ४ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

| अपडेट: बिहीबार साँझसम्म | | संक्रमित | निको भएको | परिक्षण गरिएको | आइसोलेसनमा |
|---|---|---|---|---|---|
| | नेपालमा | ९ जना | १ जना | २८९५ | ११७ |

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | १५ लाख ३० हजार | तीन लाख ३६ हजार | ८९ हजार | ११ लाख |

# संगति मिलाउन सकस

## डेढ घण्टा टिकेन सरकारको निर्णय

## राजधानीबाट फर्कन दिने निर्णयमा प्रदेश सरकारको आपत्ति

**राजधानी उपत्यकामा रहेकाहरूलाई शुक्रबार र शनिबार गाउँ फर्कन दिने निर्णय डेढ घण्टा पनि टिकेन । उच्च स्तरीय समितिको निर्णय गृह मन्त्रालय नपुग्दै उल्टिएको हो । कोरोना रोकथाम, उपचार तथा नियन्त्रणका क्रममा सरकारका निर्णयहरू शुरूबाटै संगतीपूर्ण हुन सकिरहेको देखिदैन ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ चैत

उपप्रधानमन्त्री एवम् रक्षामन्त्री ईश्वर पोखरेलको संयोजकत्वमा रहेको कोरोना रोकथाम, उपचार तथा नियन्त्रण उच्च स्तरीय समितिको बिहीबार दिउँसो बसेको बैठकले राजधानी उपत्यकामा रहेकाहरुलाई गाउँ फर्कन दिने निर्णय गऱ्यो । पुतली बगैंचास्थित रक्षा मन्त्रालयको परिसरमार बनेको उच्च स्तरीय समितिको बैठकस्थलबाट भएको यो निर्णय देशभरका आमसञ्चार माध्यमले प्राथमिकताका साथ प्रशारण तथा प्रकाशन गरे । उच्च स्तरीय समितिको निर्णयअनुसार, शुक्रबार र शनिबार राजधानी उपत्यकाबाट गाउँ फर्कन दिइने तर, उपत्यका फर्कन भने नदिइने थियो ।

तर, कसरी राजधानी उपत्यकामा रहेकाहरुलाई गाउँ फर्कने बातावरण बनाउने भन्नेबारे व्यवस्था मिलाउन गृह मन्त्रालयलाई भनिएको थियो । धेरैले गृहमन्त्रालयले कसरी गाउँ फर्कने बातावरण मिलाउँछ भन्ने चासो बढिरहेका बेला सरकारकै मन्त्रीहरुले यो निर्णय उल्टिएको जानकारी दिए । भौतिक पूर्वाधार तथा यातायात मन्त्री वसन्त नेम्वाङले सरकार आफ्नो निर्णयबाट पछाडि हटेको बताए ।

यसको प्रमुख कारण भने प्रदेश सरकारहरुको आपत्ति थियो । राजधानीमा रहेकालाई गाउँ फर्कन दिने निर्णयमा मुख्यमन्त्रीहरुले आपत्ति जनाए । विशेषगरी प्रदेश नम्बर पाँचका मुख्यमन्त्री शंकर



**काठमाडौंको बबरमहलस्थित नेपाल औषधि लिमिटेडमा स्यानिटाइजर बनाउँदै । स्यानिटाइजर कोभिड-१९ को संक्रमण निर्मलीकरणका लागि प्रयोग गरिन्छ । *तस्वीर : रासस***

पोखरेलले राजधानीबाट गाउँ फर्कन दिने निर्णयले लकडाउनको अर्थ नहुने अडान लिए । यसपछि भने सरकार आफ्नै केही घण्टा अगाडिको निर्णयबाट पछाडि हट्यो ।

तर, उपप्रधानमन्त्री पोखरेलले भने यस्तो निर्णय नभएको बरु, गलत हल्ला चलाइएको बताएका छन् । यसले के प्रमाणित गर्छ भने सरकारले महामारी रोकथामका विषयमा संगती मिलाउन सकिरहेको छैन । एकपछि अर्को निर्णयमा सरकार चिप्लिने प्रवृत्ति देखिदै आएको छ ।

यसको थालनी भने कोरोना रोकथाम प्रयासका लागि उच्च स्तरीय समितिको गठन, कार्यशैली र निर्णय प्रक्रियामा देखिदै आएको छ । लकडाउनको अवधिमा देखिएका कतिपय निर्णयले समेत यसको प्रष्ट संकेत गर्छ । जस्तो- एउटा मन्त्रालयबाट जारी भएको सूचना अर्कोले पालना गरिरहेको देखिदैन । खाद्यन्न, तरकारी तथा फलफूल आयात नरोक्न कृषि तथा पशुपन्छी विकास मन्त्रालयले सूचना नै जारी गरेको छ । तर, गृह प्रशासनले कृषिको निर्णय जसरी सहज आपूर्ति हुन दिइरहेको छैन । जसले उत्पादित सामग्री खेर जाने तर, आपूर्ति नहुने देखिएको छ ।

स्वास्थ्य सामग्री खरीद प्रक्रिया त सरकार आफ्नै निर्णय सच्याउन हैरान देखिन्छ । शुरुमा ओम्नी कम्पनीलाई महँगोमा स्वास्थ्य सामग्री चीनबाट खरीद गर्ने निर्णय दियो । तर, यो निर्णय भएको केही दिन नबित्दै फेरि सरकारले आफ्नो निर्णय सच्यायो । निर्णय सच्याउँदै सरकारले ओम्नीको ठाउँमा नेपाली सेनालाई खरीद सामग्री ल्याउने जिम्मा दिएको छ ।

# खुल्यो तातोपानी, खुलेन रसुवागढी

**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ चैत

नेपालमा पनि कोरोना संक्रमण भित्रने जोखिम बढेपछि बन्द भएको चीनसँगको तातोपानी नाका सञ्चालनमा आएको छ । माघ १३ गते बन्द भएको उक्त नाका झण्डै अढाई महिनापछि सञ्चालनमा आएको हो । नेपाल सरकारको आग्रहमा नाका खोलिएको छ । तर, सरकारले आग्रह गरेको रसुवागढी नाका भने खुलेन । विश्व स्वास्थ्य संगठनको मापदण्ड बमोजिमको 'हेल्थ डेस्क' राखेर नाका खोलिएको हो ।

नाकासँग जोडिएको भोटेकोसी गाउँपालिकाका प्रमुख राजकुमार पौडेलका अनुसार नाकाबाट पहिलो लटमा १९ बाकस मास्क र १० बाकस सेनिटाइजर भित्रिएको छ । उनका अनुसार प्रशासन, भन्सार,



जनप्रतिनिधि र सुरक्षाकर्मीबीच छलफलपछि तीन बुँदे निर्णय गरी सुरक्षित रूपमा नाका खोलिएको हो । पौडेलका अनुसार ७५ सय वटा मास्क र ५ सय सेनिटाइजर हेल्थ डेस्कमा जाँचेर भन्सार कार्यालयको यार्डमा लगिएको थियो । उनले भने, 'यो लिन नेपालकै एउटा सवारी बोर्डर पुगेको थियो, सिल्ड भएर राजधानी गइसकेको छ ।' नाका र झिर्पुमा गरी १० बेडको आइसोलेसन र १० बेडको क्वारेन्टाइन कक्ष पनि तयार राखिएको छ । उनका अनुसार मितेरी पुल पारि चीनतर्फ पनि विशेष स्वास्थ्य टोली तयारी अवस्थामा रहेको छ । तिनले चालकको स्वास्थ्यदेखि बाँकी पृष्ठ २ मा

# बढ्यो विधेयकको चाङ

**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ चैत

कोरोना महामारीका कारण संघीय संसद्को पाँचौं अधिवेशन सूचना टाँस गरेर अन्त्य भएको सांसदहरुलाई जानकारी गराइयो । गएको चैत ११ गतेबाटै नेपाल लकडाउनको घोषणा भएपनि केही दिनसम्म संसद चलिरहेको थियो । तर, सांसदहरुले संसद स्थगित गर्न माग गरेपछि स्थगित भएको संसदको पाँचौ अधिवेशन पनि सूचना टाँस गरी २५ चैत राति १२ बजेदेखि अन्त्य भएको छ ।

विधेयक अधिवेशनका रुपमा लिइने अधिवेशनको समीक्षात्मक



संश्लेषण भने यसपटक पनि संसदले राम्रोसँग काम गर्न सकेन । वर्षे अधिवेशन अन्त्य भएको केही दिनभित्रै कृष्णबहादुर महरा बलात्कार अभियोगमा पक्राउ परेपछि हिउँदे अधिवेशन शुरु हुन झण्डै एक महिना ढिलो भयो । उपसभामुख विहिन बाँकी पृष्ठ २ मा

# रोकथाम कोषमा झण्डै दुई अर्व

## नेताहरुको छैन सहयोग

**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ चैत

सरकारले स्थापना गरेको कोरोना भाइरस (कोभिड-१९) संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषमा दलका नेताहरुले सहयोग गरेको देखिएको छैन । प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले पार्टीको तर्फबाट एक मुष्ट रकम बुझाए पनि शीर्ष नेताहरुले रकम जम्मा गरेनन् । यस्तै अवस्था सत्तारुढ नेकपाका नेताहरुको छ । नेकपाका सांसद र मन्त्री बाहेक अन्य नेताको अहिलेसम्म व्यक्तिगत तथा संस्थागत कुनै पनि उपस्थिति कोषमा देखिएको छैन । कोषमा अहिलेसम्म १ अर्ब ८८ करोड ३५ लाख रकम जम्मा भएको छ ।

राष्ट्रपति विद्यादेवी भण्डारीले पनि १० चैतमै आफ्नो २ महिनाको तलब कोरोना कोषलाई दिने औपचारिक घोषणा गरेकी थिइन् । राष्ट्रपतिको तर्फबाट आउने भनिएको सहयोगसमेत अहिलेसम्म कोषमा जम्मा हुन सकेको छैन । सहयोगका लागि किसानदेखि व्यापारीसमेत जुर्मुराइरहँदा देशकै ठूलो दलका नेताहरु रकम जम्मा गरेका छैनन् । कोष कार्यालयका प्रवक्ता राजेन्द्रकुमार पौडेलका अनुसार कोषमा रकम जम्मा गर्नेमा बैंक तथा वित्तीय संस्थाहरू अगाडि रहेका छन् । कतिपय घोषणाा गरेको सहयोग रकम २० दिन बित्न लाग्दासमेत अहिलेसम्म कोषमा जम्मा हुन नसकेको उनले सुनाए ।

कोषमा पूर्वराजाले आफ्नोतर्फबाट हिमानी कोषमार्फत २ करोड रूपैयाँ जम्मा गरिसकेका छन् । चौधरी फाउन्डेसनले १ करोड, नेपाली कांग्रेसे ५० लाख, विभिन्न संघसंस्थाबाट ५ करोड, नेपाल आयल निगमबाट ५० करोड, बैंक तथा वित्तीय संस्थालगायतबाट १ अर्ब ८८ करोड रूपैयाँ कोषमा जम्मा भएको जानकारी उनले दिए ।

उनका अनुसार राप्रपालगायतका दलले पनि कोषमा रकम जम्मा गरेका छन् । सम्भावित आर्थिक संकटलाई मध्यनजर गर्दै सरकारले प्रहरीहरूको तलबबाट पनि पैसा कटौती गर्ने नीति ल्याउँदा विरोधसमेत भएको छ । नेकपा प्रवक्ता नारायणकाजी श्रेष्ठ पार्टीको तर्फबाट कोषमा रकम जम्मा गर्ने विषयमा निर्णय भइनसकेको जानकारी बाँकी पृष्ठ २ मा

# आप्रवासी कामदारहरूको स्वास्थ्य रक्षा गर्न सरकारहरूलाई आग्रह

**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ चैत

थाइल्याण्डको राजधानी बैंकक स्थित संयुक्त राष्ट्रसंघ मानवअधिकार कार्यालयले कोरोना भाइरस (कोभिड १९) बाट आप्रवासी कामदारहरुको स्वास्थ्य रक्षा गर्न सम्भव सबै प्रकारका उपायहरु अवलम्वन गर्न यस क्षेत्रका सरकार प्रमुखरुलाई आग्रह गरेको छ ।

अवैध प्रवेश, ओभर स्टे वा अन्य कारणले बन्दी अवस्थामा रहेका आप्रवासी कामदारहरुलाई तत्काल हिरासत मुक्त गर्न, जवरजस्ती देश निकाला रोक्न तथा अध्यागमन कार्यालयहरुमा स्वास्थ्य सेवा प्रदान गर्न पनि उक्त कार्यालयले आग्रह गरेको छ ।

राष्ट्रसंघीय मानवअधिकार कार्यालयका क्षेत्रीय प्रतिनिधि साईनथिया भेलिकोले एक विज्ञप्ति मार्फत आप्रवासी कामदारहरु समाजका महत्वपूर्ण पक्ष भएको भन्दै उनीहरुको सहभागिता विना कोभिड -१९ संक्रमणबाट वाहिर निस्कन नसकिने उल्लेख गरेका छन् ।

मलेसिया सरकारले कोभिड -१९ संक्रमणबाट समाजलाई बचाउन आवागमन नियन्त्रण आदेश जारी गरेपछि मलेसियामा आप्रवासी कामदारहरु बढी प्रभावित भएका समाचारहरु सार्वजनिक भएका छन् । मलेसियाको सवाह राज्यको पेनामपाङ क्षेत्रमा ठूलो संख्यामा अवैध निर्माण मजदुर रहेको र उनीहरु समस्यामा रहेको समाचार सार्वजनिक भएका छन् ।

त्यसैगरी मलेसियाको मलेसियन ट्रेड यूयिन काँग्रेसले नेपाली कामदार सहित ३२ आप्रवासी मजदुरहरुलाई कोभिड १९ संक्रमणको खराब अवस्थामा पनि रोजगारदाताले आवश्यक सुविधा विना एउटै कोठामा बस्न बाध्य बनाएको भिडियो जारी गरेको छ । मलेसियन भाषामा रहेको भिडियोमा नेपाली सहित बंगलादेशी र म्यानमारका कामदार रहेको उल्लेख छ ।




## साउदी र ओमानमा भिसा अवधि थपिने

**काठमाडौं/मस-** साउदी अरबले कोरोना भाइरसका कारण आफ्नो मुलुकमा प्रवेश नपाएका विदेशीका लागि निशुल्क भिसा अवधि थप गरेको छ । त्यहाँको राहदानी सम्वन्धी निर्देशनालय (जावजात)ले राजा सलमानले गत फब्रुअरी २५ देखि आगामी मे २४ सम्म तीन महिनाको अवधिमा साउदी अरबमा प्रवेश नपाएका विदेशीहरुको भिसा विना शुल्क थप गर्ने निर्णय दिएको बताएको छ । साउदी सरकारको यो निर्णबाट साउदी अरबमा व्यापार तथा उद्योगका लागि जाने आप्रवासी कामदार सहित सबै विदेशीहरुले लाभ पाउने त्यहाँबाट प्रकाशित साउदी गजेटले उल्लेख गरेको छ ।

भिसावाहक व्यक्तिले व्यक्तिगत रुपमा सम्पर्क समेत गर्नु नपर्ने भन्दै साउदीको राष्ट्रिय सूचना केन्द्र र अर्थ मन्त्रालयले भिसा थप भएको विवरण परराष्ट्र मन्त्रालय र अध्यागमन विभागमा पठाउने जनाइएको छ ।

त्यसैगरी साउदी अरबको सामाजिक बीमा सम्वन्धी संस्था जनरल अर्गनाईजेशन फर सोसल इन्सुरेन्सले साउदी अरबमा कार्यरत कामदारले बेराजगार संरक्षण बीमा भुक्तानीको माग गर्न थालेको बताएको छ ।

राजा सलमानले यसअघि कोरोना भाइरसबाट प्रभावित रोजगारदाता र कामदारहरुलाई संरक्षण गर्ने उदेश्यले बेरोजगार सामाजिक सुरक्षा योजना घोषणा गरेका थिए । उक्त योजना अन्तर्गत साउदीका कामदारको कम्तीमा तीन महिनाको ६० प्रतिशत तलव सरकारले व्यहोर्ने घोषणा गर्दै ९ विलियन साउदी रियालको कोष सार्वजनिक गरेका थिए ।

उता ओमानले पनि भिसा अवधि थप गर्न अनलाईन आवेदन दिन सकिने निर्णय सार्वजनिक गरेको छ । मस्कट स्थित नेपाली दुतावासले भिसा सकिएकाहरुलाई रोयल ओमान पोलिसको वेबसाईटमा गई आवेदन गर्न सकिने बताएको छ ।

## बहराइनमा २२ नेपाली संक्रमित

**काठमाडौं/मस-** कोरोना भाइरसको संक्रमणबाट नेपाली कामदारहरु संक्रमित हुने क्रम बढे पछि बहराइनस्थित नेपाली दूतावासले आफ्ना सेवाहरु अनिश्चितकालका लागि स्थगन गरेको छ ।

दूतावासले प्रदान गर्ने राहदानीको म्याद सकिन लागेका, पाना सकिएका, हराएको सट्टामा नयाँ राहदानी, यात्रा अनुमति जस्ता सेवाहरु चैत ३० गतेदेखि अर्को आदेश नभएसम्मका लागि अस्थायी रुपमा स्थगित गरिएको जनाएको छ ।

तर त्यस अवधिमा उल्लेखित सेवाहरु अत्यावश्यक भएमा दूतावासमा टेलिफोन गरी एप्वाईटमेन्ट लिएर एक पटकमा एक जनामात्र आउन सकिने बताएको छ । कन्सुलर सेवा बाहेक अन्य सेवाका लागि भौतिक रुपमा बाँकी पृष्ठ २ मा

## बेरोजगार सूचीमा नाम दर्ता गर्नेबारे सूचना

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आगामी आ.व. २०७७/७८ मा १०० (एक सय) दिनको न्यूनतम रोजगारीमा संलग्न हुन चाहने बेरोजगार व्यक्तिले २०७६ चैत्र महिनाभर आफू स्थायी बसोबास गरेको वडा कार्यालयमा गई बेरोजगार सूचीमा नाम दर्ता गर्नुहुन सूचीत गरिन्छ ।

नेपाल सरकार
संचार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## रोगभन्दा भोकले मरिन्छ कि भन्ने डर

# दूतावासको उठ्दैन फोन

**शेरबहादुर सिंह/रासस**
काठमाडौं, २७ चैत



कोरोना भाइरस (कोभिड–१९) को जोखिम हुन नदिन भारतले गरेको 'लकडाउन'ले महाराष्ट्रको मुम्बैमा अलपत्र परेका ६० जना नेपाली मजदूर समस्यामा परेका छन् । बैतडीका ती मजदूर तीन सातादेखि मुम्बैको बरौली र पवईस्थित ढावाको स्टाप कोठामा आश्रय लिइरहेका छन्। उनीहरुले उद्धारका लागि पहल गरिदिन आग्रह गरेका छन् । बरौलीमा होटलमा काम गर्दै आएका मेलौली नगरपालिका-४ का जगदीश भण्डारीले आफूहरु २२ दिनदेखि यहाँ अलपत्र परेको टेलिफोन मार्फत् जानकारी दिए । 'एउटा सानो कोठामा १२/१५ जना खादिएर बसेका छौँ ।' उनले भने, 'साहुले मुश्किलले अहिलेसम्म खाना दिएको छ ।'

उनले होटल साहुले स्वदेश फर्किन दबाब दिइरहेकाले झन समस्यामा रहेको दुखेसो पोखे । 'नयाँ दिल्लीमा रहेको नेपाली दूतावासमा धेरै पटक फोन गर्‍यौँ ।' भण्डारीले दुखेसो पोख्दै भने, 'दूतावासको फोन उठ्दैन ।' त्यसैगरी मुम्बैमै अलपत्र परेका मेलौली नगरपालिका-३ का सन्दीप चन्दले लकडाउनका कारण भोकै बस्नुपर्ने अवस्था आएको जानकारी दिए ।

'हुलिएर बसेका छौँ । बाहिर कोरोनाको संत्रास धेरै छ ।' उनले भने, 'अहिलेसम्म यहाँको सरकारले स्वास्थ्य परीक्षणलगायत अन्य व्यवस्थापनमा कुनै चाँसो देखाएको छैन ।' उनले कोठाभित्र खादिएर बस्दा अन्य रोगको संक्रमणको जोखिम रहेको बताए ।

'यहाँ लकडाउन खुल्नासाथ साहुले घर जान भनिरहेको छ ।' उनले भने, 'हामीलाई यहाँबाट उद्धार गरिए नेपालमा क्वारेन्टाइनमा बस्थ्यौँ ।' त्यसैगरी मुम्बैको पवईमा अलपत्र नेपालीले पनि उद्धारको याचना गरेका छन् । बैतडीकै नरेन्द्र चन्दले मुम्बैमा धेरै नेपाली अलपत्र रहेको जानकारी दिए ।

'एक्कासी लकडाउन भयो, नेपाल टाढा भएकाले फर्किन सकेनौँ,' उनले भने, 'यहाँ रोगले भन्दा पनि भोकले मरिन्छ की भन्ने डर छ ।' उनले भारतमै भए पनि क्वारेन्टाइनमा राख्न प्रबन्ध मिलाइदिन भारतीय सरकारसित आवश्यक समन्वय गरिदिन आग्रह गरे ।

'नेपाल-भारत सीमानामा त दुवै देशका नागरिकलाई व्यवस्थापन गरिएको भन्ने सुन्छौं ।' चन्दले भने, 'हामी यहाँ रहरले होइन बाध्यताले मजदुरी गर्न आएका हौं ।' सुदूरपश्चिममेली नागरिकको सदियौँदेखिको रोजगारीको प्रमुख गन्तव्य हो, भारत । लकडाउनअघि र पछिको समयमा सुदूरपश्चिमका नाकाबाट एक लाख ४३ हजार नागरिक भारतबाट फर्किएको सुदूरपश्चिम प्रदेश सामाजिक विकास मन्त्रालयका प्रवक्ता झंकरबहादुर विष्टको भनाइ छ ।

## भारतमा अलपत्रको पीडा

नेपाल-भारत सीमामा करिब एक हजार ५०० को हाराहारीमा नेपाली क्वारेन्टाइन बसेका छन् । कञ्चनपुरमा भने सिमावर्ती भारतीय बजार बनवासा र टनकपुरमा गरी २३५ जना नेपाली क्वारेन्टाइनमा रहेको कञ्चनपुरका सहायक प्रमुख जिल्ला अधिकारी गोकर्ण उपाध्यायले जानकारी दिए ।

'हाम्रो भारतीय पक्षसित सधैँ सम्पर्क र समन्वय हुँदैछ,' उनले भने, 'त्यहाँ आश्रित नेपालीलाई राम्रै व्यवस्थापनमा राखिएको छ । र त्यहाँ रहेकाबाट कुनै गुनासो पनि आएको छैन ।' सहायक प्रमुख जिल्ला अधिकारी उपाध्यायले सीमा सुचारु भएपछि सीमा क्षेत्रमा रहेका नेपालीहरुलाई कहाँ, कसरी व्यवस्थापन गर्ने भन्ने विषयमा पछि छलफल हुनसक्ने बताए ।

'सीमा क्षेत्रमा आवागमन रोक्न यहाँका खुलानाका समेत सशस्त्र प्रहरी थप परिचान भएको छ ।' उनले भने, 'जो जहाँ छौँ, त्यही सुरक्षित बसौँ भन्ने सोच राख्नुपर्छ ।' बझाङमा लकडाउन उल्लङ्घन गरी धार्मिक मेला सञ्चालन भएपछि नियन्त्रणमा लिइएका चार वडाध्यक्षसहित नौ लाई प्रहरीले थप छानविन र कारवाहीका लागि जिल्ला प्रशासन कार्यालय बझाङ पठाएको छ । जिल्ला प्रहरी कार्यालय बझाङका प्रमुख प्रहरी नायब उपरीक्षण गणेश वमले नियन्त्रणमा लिइएका वडाध्यक्षसहित नौ जनालाई संक्रमण रोग ऐन २०२० अन्तर्गत कारवाहीका लागि जिल्ला प्रशासन कार्यालय पठाएको जानकारी दिए । प्रमुख जिल्ला अधिकारी उमेश पाण्डेले मेला सञ्चालनमा आरोपमा नियन्त्रणमा लिइएका वडाध्यक्षसहितको छानविन भइरहेको जानकारी दिए । 'छानविन गर्दैछौँ,' उनले भने, 'दोषी भेटिए ऐनअनुसार कारवाही हुन्छ ।'

बझाङको छविसपाथिभेरा गाउँपालिकामा लकडाउनको बेवास्ता गरी बान्नीकी चैतेली नामक विशाल धार्मिक मेला सम्पन्न भएको थियो । सोही मेला सञ्चालनको आरोपमा छविसपाथिभेरा गाउँपालिका-२ का वडाध्यक्ष विकास ऐडी, वडा नम्बर ३ का वडाध्यक्ष केशवराज जोशी, वडा नम्बर ४ का वडाध्यक्ष अम्मरराज थापा र वडा नम्बर ५ का वडाध्यक्ष तथा गाँउपालिकाका प्रवक्ता लोकेन्द्रबहादुर ठगुन्नालाई प्रहरीले नियन्त्रणमा लिएको थियो । अन्य पक्राउ पर्नेमा बान्नी मष्टा मन्दिरका पुजारी निर्पप्रसाद जोशी र उहाँका दुई सहयोगी फसलपाते पण्डित डम्बरबहादुर धामी र पूजारी जयकृष्ण जोशी, स्थानीय रजबार इन्द्रबहादुर सिंह र मन्दिर संरक्षण समितिका सचिव राजेन्द्रबहादुर सिंह रहेका छन् ।

# 'नयाँ कोरोना संक्रमित देखिएनन्'




**काठमाडौं/मस–** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले थप नयाँ व्यक्तिमा कोभिड-१९ को संक्रमण नदेखिएको जनाएको छ । मन्त्रालयद्वारा बिहीबार आयोजना गरिएको नियमित पत्रकार सम्मेलनमा मन्त्रालयका प्रवक्ता डा विकास देवकोटाले थप नयाँ कोरोना संक्रमित व्यक्ति नभएको बताए । उनले तीन हजारभन्दा बढी व्यक्तिमा कोरोना संक्रमणको नमूना परीक्षण गरेको बताए ।

उनका अनुसार राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा अहिलेसम्म कूल २८९५ नमूना परीक्षण सम्पन्न भएका छन् । जसमा काठमाडौं उपत्यकामा रहेको प्रयोगशालामा २३८२ र उपत्यका बाहिर ५१३ नमूना परीक्षण भएका छन् भने १९३ परीक्षण भइरहेका छन् । हालसम्म नेपालभरि सात हजार ९४० जना क्वारेन्टाइनमा छन् । आइसोलेसनमा रहेका व्यक्तिको संख्या भने ११७ रहेको छ । सोमध्ये काठमाडौं उपत्यकामा १८ र उपत्यका बाहिर ९९ रहेका छन् । मन्त्रालयका प्रवक्ता देवकोटाले प्रत्येक प्रदेशमा क्वारेन्टाइनमा रहेका व्यक्तिको परीक्षणका लागि प्रतिप्रदेश पाँच हजारका दरले र्‍यापिड डाइग्नोस्टिक टेस्ट (आरडिटी) सामग्री प्रदान गरिएको बताए ।

बाग्लुङ, म्याग्दी र पर्वतका स्वास्थ्कर्मीलाई र्‍यापिड डाइग्नोस्टिक टेस्टसम्बन्धी तालिम दिइएको र परीक्षणसमेत शुरु गरिएको पत्रकार सम्मेलनमा जानकारी दिइयो । त्यसैगरी कैलाली र कञ्चनपुरमा हालसम्म ६६ टेस्ट गरिएको छ भने सबैको रिपोर्ट नेगेटिभ आएको मन्त्रलायको भनाइ छ ।

### पाटन अस्पतालका स्वास्थ्यकर्मीलाई फ्यूचर ईम्प्लोइमेण्टको सहयोग

# एक महिनासम्म दिवा र रात्रि खानाको व्यवस्था



**काठमाडौं/मस–** राजधानीको लाजिम्पाट गैह्रीधारास्थित फ्यूचर ईम्प्लोइमेण्ट प्रा.लि.ले विश्वभर तीव्र रुपमा फैलिएको प्राणघातक कोरोना भाइरस (कोभिड १९) को उपचारका लागि पाटन अस्पतालमा खटिएका स्वास्थ्यकर्मीहरुका लागि एक महिनाको दिवा र रात्रि खाना उपलब्ध गराएको छ ।

नेपाल सरकारले पाटन अस्पताललाई डेडिकेटेड अस्पतालका रुपमा छनोट गरेको छ । त्यसका लागि पाटन अस्पतालमा चिकित्सक, नर्स, हाउस किपिङ र सुरक्षा गार्डलगायत गरी ३१ जनाको जनशक्ति कोरोना भाइरस संक्रमण परीक्षण, रोकथाम र उपचारका लागि निरन्तर रुपमा खटिएको छ ।

उक्त प्रा.लि की सञ्चालिका शुष्मा खत्रीले युद्धमा सेना जस्तै कोरोना भाइरस (कोभिड १९) बाट संक्रमितहरुको उपचारमा अग्रभागमा खटिने स्वास्थ्यकर्मीहरुलाई सम्मान र हौसला बढाउने कामलाई आफ्नो सामाजिक उत्तरदायित्व र जिम्मेवारी सम्झेर आफुले उनीहरुका लागि एक महिनाको दिवा र रात्रि खाना (लन्च र डिनर) प्रवन्ध गरेको बताइन् ।

महामारीको अहिलेको समस्यामा अग्रभागमा रहेर सेवा प्रदान गर्ने चिकित्सक, नर्स तथा अन्य स्वास्थ्यकर्मीको विशेष पेशागत जिम्मेवारी भएपनि संकटका बेला देश तथा जनताको सेवामा खटिने चिकित्सक, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी तथा सम्बन्धित सबैको हौसला बढाउनु आफुहरु जस्ता निजी क्षेत्रको उत्तरदायित्व भएको सञ्चालिका खत्रीको भनाइ छ । 'अहिलेको अवस्थामा उहाँहरु हिरो हुनुहुन्छ,' व्यवसायी खत्रीले भनिन्, 'आफ्नो ज्यानको बाजी राखेर उपचारमा संलग्नहरुको जति प्रशंसा गरे पनि कम नै हुन्छ ।'

चिकित्सक तथा उपचारमा खटिने जनशक्तिका लागि पीपीई, किट लगायत स्वास्थ्य उपकरण अभाव भएको सार्वजनिक भइरहेको भन्दै उनले चिकित्सक र प्राविधिकहरुलाई सहयोग पुर्‍याउन निजी क्षेत्र अगाडि आउनु आवश्यक रहेको बतइन् । आँफुले गरेको सहयोग नगण्य भएको भन्दै उनले निजी क्षेत्रका सबै व्यवसायीले यसतर्फ सोच्नु हुनेछ भन्ने आफुले विश्वास लिएको पनि बताइन् ।

पाटन अस्पतालमा कार्यरत डा. सुमन श्रेष्ठले प्रतिकुल अवस्थामा स्वास्थ्यकर्मीको सहयोगका लागि उपलब्ध गराइने सुरक्षा सामग्री पीपीईलगायत स्वच्छ खानाले स्वास्थ्यकर्मीहरुलाई राहत र हौसला मिलेको बताए । डा. श्रेष्ठले व्यवसायी खत्रीको सहयोगको प्रशंसा गरे । 'हामी आफ्नो कर्तव्यमा अडिग छौं,' डा. श्रेष्ठले भने, 'तथापि समाजबाट मिल्ने यस्ता सम्मान र स्नेहले हामीलाई अझ हौसला मिल्छ र बढि जिम्मेवार पनि ।'

### खुल्यो...

सवारीसाधन र तिनमा ल्याइएका सामग्रीसम्मको सुरक्षा जाँच गरिरहेको छ ।

सीमास्थित सशस्त्र प्रहरी बलका प्रहरी नायब उपरीक्षक हरिबहादुर थापाका अनुसार एक अर्का देशमा कोरोना संक्रमण भित्रन नदिन नाकाका चिनियाँ प्रहरी अधिकारीले पनि कडा निगरानी गरिरहेका छन् । उनले भने, 'चीनपक्षले पनि कोरोना परीक्षणका लागि मितेरी पुल छेउ स्वास्थ्य टोली तयार राखेको छ ।' तातोपानी भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत लालबहादुर खत्रीका अनुसार चीनबाट भित्रिएका मास्क र सेनिटाइजर नाकामा कीटनाशक औषधि छर्केर मात्र राजधानी पठाइएको छ । नाका खुलेपछि स्थानीयले भने सुरक्षा सतर्कतालाई विशेष ध्यान दिन जनप्रतिनिधिलाई आग्रह गरेका छन् ।

यसैबीच, सरकारले अत्यावश्यक सामग्री आयातका लागि चीनतर्फका नाका खेल्न आग्रह गरे पनि चीनले रसुवागढी नाका खेल्न नदिने स्पष्ट पारेको छ । चीनतर्फका तातोपानी भन्सार र रसुवा भन्सार खोल्न उद्योग, वाणिज्य तथा आपूर्ती मन्त्रालयले चीनलाई पत्राचार गरेको थियो । नेपालस्थित चिनियाँ दूतावासले पत्र लेखेर रसुवा नाका खोल्न नसकिने लिखित जानकारी गराएको हो । दुई वटा नाकामध्ये हाललाई तातोपानी नाका खोल्न सकिने तर रसुवा नाका खोल्न नसकिने जानकारी चीनले गराएको हो ।

नेपाल सरकारले पठाएको पत्रको जवाफमा चीनले तातोपानी नाकाबाट पनि अत्यावश्यक सामग्रीमात्रै आयात गर्न दिने बताएको छ । विशेष गरी चीन सरकारले तातोपानी नाकाबाट स्वास्थ्योपचारका लागि अत्यावश्यक वस्तु मात्रै ल्याउन दिने भनेको छ । रसुवा भन्सार नाका प्रमुख पुण्य विक्रम खड्काले हाललाई रसुवा नाका नखुल्ने बताए । उनले चीनले पत्र लेखेर यो नाका खुला गर्न नसकिने जनाएकाले तयारी गरेर पनि नाका खुल्न नसक्ने बताए ।

### बढ्यो...

रुपमा चलेको संसदको प्रतिनिधि सभामा कूल २५ बैठक बस्यो भने राष्ट्रियसभातर्फ कूल २६ बैठक बसेका थिए ।

गत पुस ४ गतेदेखि शुरु भएको अधिवेशनले प्रतिनिधिसभाको नयाँ सभामुखमा अग्निप्रसाद सापकोटालाई निर्वाचित गरेको थियो । राष्ट्रियसभामा १८ सांसदको विदाई र नयाँ १८ निर्वाचित सदस्य समेत पाएको छ । कूल ९२ दिन सञ्चालित अधिवशेनमा कूल १७ विधेयक दर्ता भएका थिए । त्यसमा प्रतिनिधिसभातर्फ कूल ६ विधेयक दर्ता भए । त्यसमा एक १ गैरसरकारी विधेयक समेत छ । यस्तै राष्ट्रियसभामा कूल ११ विधेयक दर्ता भए ।

सचिवालयका अनुसार दुवै सदनबाट पारित (प्रमाणीकरण योग्य) भएका कूल चार विधेयक रहेका छन् । यस्तै प्रतिनिधिसभाबाट मात्र पारित विधेयकको संख्या आठ रहेको छ । राष्ट्रियसभाबाट मात्र पारित विधेयक भने कूल नौ छन् । सङ्घीय संसद्मा विचाराधीन विधेयकको सङ्ख्या ३८ छन् । त्यसमा प्रतिनिधिसभाको समितिमा १३ र राष्ट्रियसभाको समितिमा ६ विधेयक छन् भने सन्देश टेबुल हुन बाँकी विधेयकको सङ्ख्या ४ छ ।

राष्ट्रियसभामा दर्ता भएको 'अन्तरदेशीय संगठित अपराधविरुद्धको महासन्धिअन्तर्गतको पालेर्मो अभिसन्धि' लाई दुवै सभाबाट अनुमोदन भएको छ । जरुरी सार्वजनिक महत्वको प्रस्तावतर्फ प्रतिनिधिसभामा सांसद बिन्दा पाण्डेले प्रस्तुत गरेको 'बोक्सा-बोक्सी, दाइजोलगायतका कुरिती तथा एसिड प्रहारजस्ता आपराधिक अमानवीय, असंवेदनशील र अमर्यादित प्रथा, प्रचलन कुरिती र विकृतिको अन्त्यका लागि कानूनी कारबाही र विशेषअभियान सञ्चालन गर्न आवश्यक भएको सम्बन्धी' छलफल भई मन्त्रीबाट जवाफ दिने काम सम्पन्न भएको छ ।

सांसद गगन थापाले प्रस्तुत गरेको 'कोरोनाकोसँग जुध्न सरकारले गरेको तयारी, अस्पतालको अवस्थाबारे सदनलाई जानकारी दिनुपर्ने तथा सबै जुटेर राष्ट्रिय सङ्कल्प गरी अघि बढ्नुपर्नेसम्बन्धी प्रस्तावमाथि छलफल भई मन्त्रीबाट जवाफ दिने कामसमेत सम्पन्न भएको छ । राष्ट्रियसभामा खिमलाल भट्टराईले पेश गरेको कालापानी, लिपुलेक, लिम्पियाधुरा लगायतको सीमा व्यवस्थापनसम्बन्धी सङ्कल्प प्रस्ताव छलफल भई सभाले स्वीकृत गरेको छ । सांसद सुमनराज प्याकुरेलले 'तराई-मधेशको बाढी तथा डुबानसम्बन्धी समस्याहरुको दीर्घकालीन समाधान'सम्बन्धी ध्यानकर्षण प्रस्तावमाथि समेत छलफल भएको थियो ।

### रोकथाम...

दिए । नेकपाको तर्फबाट संसदमा प्रतिनिधित्व गर्ने नेताको भने संसद सचिवालयमार्फत सहयोग रकम जम्मा भइसकेको छ । अहिलेसम्म अर्थ मन्त्रालयबाट ११ लाख ९६ हजार ८१, रक्षा मन्त्रालयबाट २ लाख ६७ हजार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयबाट १७ लाख ७ हजार ७ सय ७४, पर्यटन विभागबाट १ लाख १० हजार १ सय ४० रुपैयाँ कोषमा जम्मा भएको छ ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले ९ लाख ६१ हजार १ सय ६२ र वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागबाट १ लाख ९४ हजार ८ सय ८४ रुपैयाँ कोरोना कोषमा जम्मा भएको उनले जनाए । यसैगरी, संसद सचिवालयले भने नेकपाका १९५ जना सांसदको समेत सेवासुविधामा कटौती गरेर १ करोड १ लाख ३२ हजार ८ सय रुपैयाँ जम्मा गरिसकेको छ । तर, सो रकम बैंकमार्फत कोषमा भने जम्मा भई नसकेको कोषले जनाएको छ ।

# विदेशबाट आएका १३४ को विवरण संकलन

**काठमाडौं/मस-** पछिल्लो एक महिनामा विदेशबाट आएका नागरिकको तथ्याङ्क लिने क्रममा काठमाडौं महानगरपालिकाले हालसम्म १३४ जनाको विवरण सङ्कलन गरेको छ । विश्वभर फैलिएको कोभिड-१९ को सङ्क्रमण फैलिन नदिन र यसको रोकथाम र नियन्त्रणका लागि महानगरपालिकाले यस किसिमको अभ्यास शुरु गरेको हो ।

हाल सङ्कलन भएका विवरणमध्ये ६० जनाले विदेशबाट आएको १५ दिन पार गरिसकेका छन् भने अन्य होम क्वारेन्टाइनमा रहेका महानगरपालिकाले जानकारी गराएको छ । महानगरको प्रशासन विभाग प्रमुख नमराज ढकालका अनुसार २०७६ फागुन १८ पछि विदेश भ्रमण गरी महानगरभित्र बसोबास गरिरहेकाको विवरण सङ्कलन कार्य भइरहेको छ । विवरण सङ्कलनको काम जारी रहेको र हाल प्राप्त विवरणअनुसार सबै जनाको अवस्था सामान्य रहेको बताइएको छ ।

विदेशबाट फर्केका नेपाली सतर्क र सचेत भएनन् भने सबैभन्दा पहिला आफ्नै परिवारको ज्यानलाई खतरामा पार्ने र त्यसपछि छरछिमेकीलाई प्रभावित पार्ने भन्दै महानगरपालिकाले विदेश भ्रमण गरी महानगरपालिकाभित्र बसोबास गर्नेको विवरण सङ्कलन शुरु गरेको हो ।

विदेशबाट फर्कने, अझ भारतबाट आएका नेपाली नागरिक १४ दिनसम्म अनिवार्यरूपमा क्वारेन्टाइनमा बस्नैपर्ने नियमलाई पालना गर्न महानगरले यस्तो विवरण सङ्कलनको कामलाई तीव्ररुपमा अघि बढाएको जानकारी दिएको छ । सङ्कलित विवरणमध्ये बढी दुबईबाट फर्किएका छन् ।

त्यसैगरी कतार, फ्रान्स, अष्ट्रेलिया, बेल्जिम, अमेरिका, कुवेत, जोर्डन, मलेसिया, थाइल्याण्ड, जापान, जर्मन, भारतलगायतका देशको भ्रमण गरी आएकाको पनि विवरण सङ्कलन गरिएको छ । कोही विदेशबाट आएका तर महानगरको सम्पर्कमा आउन नचाहनेका लागि पनि आफू र आफ्नो परिवारको स्वास्थ्यका लागि भन्दै तत्काल सम्पर्कमा आउन आग्रहसमेत गरिएको छ । अन्य कसैलाई जानकारी भए पनि महानगरलाई तथा सम्बन्धित वडा कार्यालयमा जानकारी दिन भनिएको छ ।

### बहराइनमा...

दूतावासमा उपस्थित नहुन भन्दै दूतावासले ईमेल मार्फत सम्पर्क गर्न भनेको छ ।

गैर आवासीय नेपाली संघ, बहराइनका महासचिव राजकुमार श्रेष्ठले त्यहाँ २२ जना नेपालीमा कोरोना भाइरसको संक्रमण पुष्टि भएको जानकारी दिएका छन् । संक्रमित नेपाली कामदारहरु अस्पताल भर्ना भएको र उनीहरुको अवस्था सामान्य रहेको भन्दै महासचिव श्रेष्ठले बहराइनमा भाइरसको संक्रमण बढ्ने अवस्थामा रहेको बताए ।

बहराइनमा बिहीबार साँझसम्म ३ सय ४१ जना कोरोनाबाट संक्रमित रहेको, ५ जनाको मृत्यु भएको र हाल ३ जनाको गम्भीर अवस्थामा उपचार भइरहेको भएपनि त्यहाँ अझैपनि पूर्ण लकडाउन (बन्दावन्दी) को अवस्था नरहेको महासचिव श्रेष्ठले बताए । उनले कोरोना भाइरसका कारण खाद्यान्न लगायतका समस्यामा पर्ने नेपालीहरुलाई गैर आवासीय संघले निरन्तर सहयोग गरिरहेको समेत जानकारी दिए ।

# क्षतिपूर्तिको माग गर्दै समाजवादी पार्टीले बुझायो ज्ञापनपत्र

**इमरान खान/मध्यान्ह**
कपिलवस्तु, २७ चैत



समाजवादी पार्टी कपिलवस्तुले मृतक गोबर्धन भरको पीडित परिवारलाई राहत उपलब्ध गराउन माग गर्दै ज्ञापनपत्र बुझाएको छ । समाजवादी पार्टी कपिलवस्तुका अध्यक्ष शैलेन्द्र यादवले प्रधानमन्त्री तथा मुख्यमन्त्रीलाई जिल्ला प्रशासन कार्यलय कपिलवस्तुमार्फत राहत उपलब्ध गराउन माग गर्दै ज्ञापनपत्र बुझाएका हुन् ।

कोरोना भाइरस संक्रमणको आशंका गरिएका कपिलवस्तु बिजयनगर गाउँपालिका वडा नं. २ जलैयाका गोबर्धन भरको कपिलवस्तु अस्पतालमा सोमबार मृत्यु भाएको थियो । रुपन्देहीको सैनामैना नगरपलिकाका कोरोना भाइरस संक्रमणको शंका गरिएका बाबुराम थापाको मृत्यु भए पश्चात राहत स्वरुप ८ लाख रुपैयाँ, छोराछोरीलाई निःशुल्क उच्च शिक्षा र श्रीमतीलाई योग्यता अनुसारको जागिरको लागि सहमति भएपछि एउटै प्रकृतिका घाटना भएका कारण कपिलवस्तुका भरलाई पनि सोही सरह राहत उपलब्ध गराउन माग गरिएको अध्यक्ष यादवले बताए ।

अध्यक्ष यादवको नेतृत्वमा प्रदेशसभा सदस्य सहसराम यादव, समाजवादी पार्टीका प्रदेश मुख्य सचिव अब्दुल रशिद खान सहितको टोलीले प्रमुख जिल्ला अधिकारी दिर्घ नरायण पौडेललाई ज्ञापन बुझाएको हो । ज्ञापनपत्र बुझ्दै प्रजिअ पौडेलले सो माग सम्बन्धित निकायमा पठाउने प्रतिबद्धाता जनाए ।

यता मृतक भर परिवारको आर्थिक अवस्था कमजोर रहेकाले मधेश मानव अधिकार गृह महुरी होमले १० हजार र विजयनगर गाउँपालिकाले २० हजार कृयाक्रमको लागि उपलब्ध गराएको छ ।

# बिस्केट र जिब्रो छेड्ने जात्रा स्थगित

**काठमाडौं/मस–** भक्तपुरमा हरेक वर्ष हुँदै आएको बिस्केट जात्रा र जिब्रो छेड्ने जात्रा यस वर्ष नहुने भएको छ । कोरोना भाइरस (कोभिड १९) संक्रमणको जोखिमका कारण यी दुवै जात्रा यस वर्ष स्थगित गरिएको हो ।

भक्तपुरकी प्रमुख जिल्ला अधिकारी हुमकला पाण्डेले बिस्केट जात्रा र जिब्रो छेड्ने जात्रा दुवै नहुने जानकारी दिइन् । हरेक वर्ष चैत्र २७ गते आजैको दिन बिस्केटको रथ तान्न शुरु गरिन्थ्यो । तर यस बर्ष भने रथ बनाउँदै गर्दा कोरोनाको त्रासका कारण लकडाउन भएपछि जात्रा नै स्थगित गरिएको पाण्डेले जानकारी दिइन् । बिस्केट जात्रा भक्तपुरमा नौ दिन आठ रातसम्म मनाइन्छ । तौमढीस्थित पाँचतले मन्दिर परिसरबाट भैरव र भद्रकालीको रथ तानेर सुरु गरिने यो जात्रा यक्ष मल्लको पालादेखि चलेको बताइन्छ ।

यसैगरी जिब्रो छेड्ने जात्रा मध्यपुर थिमीको बोडेमा विशेष हर्षोल्लासका साथ मनाइन्छ । जिब्रो छेड्ने जात्रा, बिस्केट जात्राकै एक अभिन्न अंग हो । प्रत्येक वर्ष चैत मसान्तमा बोडे महालक्ष्मी मन्दिर प्रांगणमा लिंगो ठड्याएपछि वैशाख २ गते जिब्रो छेड्ने जात्रा मनाइन्छ ।

# स्वयंसवेकको रुपमा युवा र खेलाडी परिचालन

**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ चैत

सरकारले युवा तथा खेलाडी र स्काउटलाई कोरोना भाइरसविरुद्धको अभियानमा स्वयंसेवकको रुपमा परिचालन गर्ने भएको छ। गत हप्ता बसेको मन्त्रिपरिषद् बैठकले युवा तथा खेलकुदमन्त्रालयको समन्वयमा खेलाडी, युवा तथा स्काउटलाई राहत वितरण लगाएतका कामका लागि स्वयंसेवकको रुपमा परिचालन गर्ने निर्णय गरेको हो । मन्त्रिपरिषद्को निर्णय पछि युवा तथा खेलकुद मन्त्री जगतबहादुर विश्वकर्माको अध्यक्षतामा समिति पनि गठन गरिएको छ । समितिमा राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव रमेशकुमार सिलवाल लगाएतका रहेका छन् । यो समितिले युवा तथा खेलाडीहरुलाई परिचालन गर्ने छ । मन्त्री विश्वकर्माले समितिले सबैसँग समन्व्य गर्नका लागि समिति गठन भएको र अहिले कोरोना भाइरसको प्रारम्भिक चरणमा रहेकाले त्यसै अनुसार कार्ययोजना पनि बनाइएको जानकारी दिए ।



कोरोनाका कारण नेपाली खेलकुदमा पनि दीर्घकालिन रुपमा देखिने बताए। अहिले अन्तर्राष्ट्रियस्तरमा अहिले नै असर परिसकेको र ओलम्पिक जस्तो ठूलो प्रतियोगिता नै एक वर्ष धकेलिएकाले यसले नेपाल जस्तो मुलुकलाई पनि प्रभाव पार्ने बताए। सरकारले विभिन्न क्षेत्रमा राहत दिने बताइरहेका बेला मन्त्री विश्वकमाले खेलकुद क्षेत्रलाई पनि माथि उठाउन आवश्यक परे राहत प्याकेज ल्याउने बताए । उनले भने 'अहिले अरु क्षेत्र जस्तो खेलकुद क्षेत्रलाई प्रत्यक्ष राहतको कुरा सोचेका छैनौँ । तर भोलिका दिनमा आवश्यक परे हामीले केही न केही गर्नैपर्छ। यस्तोमा हाम्रा खेलाडीहरुलाई परेको प्रभाव र खेल क्षेत्रलाई माथि उठाउनका लागि निश्चित रुपमा केही राहतको प्याकेज ल्याउनैपर्छ। साथै कोरोना भाइरसको महामारीका कारण खेलका पूर्वाधार निर्माणमा परेका बाधाहरु फुकाउनका लागि पनि हामीले ध्यान दिनै पर्छ ।'

# 'भेन्टिलेटरले मात्र मान्छे बचाउन सक्दैन'



**माइक स्टोब/एपी**–कोरोनाभाइरस संक्रमित बिरामीको उपचारमा विश्वभरका स्वास्थ्य अधिकारीहरु अहिले बढीभन्दा बढी भेन्टिलेटरको खोजीमा निस्किएका छन्, तर कतिपय चिकित्सकहरु यो श्वासप्रश्वासमा सहजीकरण गर्ने उपकरणको प्रयोग गर्न त्यति उत्सुक देखिन छाडेका छन् ।

कारण: केही ठूला अस्पतालहरुले भेन्टिलेटरमा राखिएका कोरोना संक्रमित बिरामीहरुको मृत्युदर बढी देखिएको जनाएका छन्, र कतिपय चिकित्सकहरुले केही निश्चित किसिमका बिरामीलाई यी मेसिनले हानि पुऱ्याएको भन्दै चिन्ता व्यक्त गरेका छन् ।

आफूहरुसँग विकसित उपचार पद्धति उपलब्ध भएपनि अमेरिकी चिकित्सकहरू भाइरसको सही उपचार पद्धति खुट्याउन प्रयत्नरत छन् । उनीहरू बिरामीहरुको लगातारको मृत्यु र आधारभूत स्वास्थ्य सामग्रीको अभावबीच मानिसका कथा र यथार्थपरक तथ्याँकमा निर्भर रहेका छन् ।

मेकानिकल भेन्टिलेटरहरूले बिरामीको फोक्सोमा खराबी आएपछि अक्सिजन दिन सहयोग गर्दछ । मेशिनको प्रयोग गर्दा बिरामीलाई बेहोस बनाउनु र घाँटीमा ट्युब छिराउनु पर्दछ। यस्ता बिरामीहरूको कुनै पनि बेला मृत्यु हुनु सामान्य हुन्छ, र श्वासप्रश्वासमा गरिएको यो सहयोगको यस्तो बेलामा केही अर्थ हुँदैन ।

सामान्यतया भन्नुपर्दा, विज्ञहरुका अनुसार श्वासप्रश्वासका ४० देखि ५० प्रतिशत गम्भीर बिरामीको भेन्टिलेटरमै मृत्यु हुन्छ । तर न्यूयोर्क शहरमा यिनै भेन्टिलेटरमा राखिएका ८० प्रतिशत वा सोभन्दा बढी कोरोनाभाइरस बिरामीहरूको मृत्यु भएको छ । अमेरिकन लङ एसोसिएसनका प्रमुख मेडिकल अधिकृत डा अल्बर्ट रिज्जोले अमेरिकामै सामान्यभन्दा बढी मृत्युदर रिपोर्ट गरिएको बताए। यस्तै रिपोर्टहरू चीन र बेलायतबाट पनि आएका छन् । एउटा बेलायती रिपोर्टमा यो संख्या ६६ प्रतिशत देखिएको छ। चिनियाँ शहर वुहानमा गरिएको एउटा सानो अध्ययनमा भेन्टिलेटरमा राखिएका बिरामीमध्ये ८६ प्रतिशतको मृत्यु भएको थियो ।

यद्यपी यसको कारण स्पष्ट भइसकेको छैन । यो रोगबाट संक्रमित हुनुअघि बिरामीको अवस्थामाथि पनि विचार गरिनु आवश्यक हुन्छ। कतिपय विज्ञहरुको भनाईमा बिरामीलाई कुन अवस्थामा भेन्टिलेटरमा राख्ने भन्ने सही समय पहिचान आवश्यक रहन्छ ।

तर धेरैजसो स्वास्थ्यकर्मीहरु भेन्टिलेटरको प्रयोग गर्दा बिरामीहरुको स्वास्थ्य अरु बिग्रन्छ वा यसले हानिकारक प्रतिरक्षा प्रणाली निर्माण गर्दछ भन्नेमा खासै जानकार छैनन् ।

त्यो अनुमान हो । तर विज्ञहरू भन्छन्, भेन्टिलेटरहरू बिरामीका लागि समयक्रममा हानिकारक हुन सक्दछन्, किनकि मेसिनको सहयोगमा उच्च-दबाबको अक्सिजनलाई बिरामीको फोक्सोमा रहेको सानो हावाको थैलीमा जबर जस्ती छिराइन्छ ।

टोरन्टो जनरल अस्पतालका श्वासरोग उपचारका विशेषज्ञ डा एडी फानले भन्छन्, 'मेकानिकल भेन्टिलेसन त्यति राम्रो होइन भन्ने हामी सबैलाई थाहा छ । पछिल्ला केही दशकमा पत्ता लागेको कुरा के हो भने मेडिकल भेन्टिलेटरले फोक्सोलाई बिगार्न सक्दछ - त्यसैले हामीले यसको प्रयोग गर्नुअघि विशेष सावधानी अपनाउनु पर्दछ ।' डा फानले भने, मेसिनबाट दिइएको दबाबको मात्रा र श्वासप्रश्वासको संख्यालाई सीमित गरेर खतराहरूलाई कम गर्न सकिन्छ। तर केही चिकित्सकहरुले बिरामीहरूलाई सकेसम्म लामो समय भेन्टिलेटरमा नराखिएको बताएका छन् । र त्यसको सट्टा अन्य प्रविधिहरूको प्रयोगमा जोड दिइएको छ ।

न्यूयोर्क शहरमा केही हप्ताअघि निकै बिरामी परेका कोरोनाभाइरसका बिरामीहरूलाई नियमित रूपमा सास फेर्न अप्ठ्यारो भएपछि भेन्टिलेटरमा राखिएको थियो, म्यानहट्टन अस्पतालमा काम गर्ने आपतकालीन चिकित्सक डा जोसेफ हब्बुसेले बताए । तर धेरैजसो अवस्थामा फिजिसियन चिकित्सकहरूले अन्य उपायहरू अपनाउन खोजेको पाइएको छ । तीमध्ये एउटा हो, बिरामीलाई विभिन्न तरिकामा राख्नु वा सुताउनु। अर्को तरिका हो, नाकबाट ट्युब वा अन्य उपकरण घुसाएर बिरामीहरूलाई स्वाभाविक रुपमा बढी अक्सिजन दिनु । केही डाक्टर हरूले फोक्सोको कम क्षतिग्रस्त भागहरूमा रक्त प्रवाह र अक्सिजन पु-याउन नाइट्रिक अक्साइड प्रयोग गरिरहेका छन् ।

भान्डर्बिल्ट विश्वविद्यालयका संक्रामक रोग विशेषज्ञ डा विलियम श्याफ्नरले भने, 'कोरोनाभाइरसका बिरामीहरूलाई अन्य प्रकारका बिरामीहरूको तुलनामा लामो समयसम्म भेन्टिलेटरमा राख्नुपर्छ भन्ने भनाई छ ।'

विज्ञहरू भन्छन्- ब्याक्टेरियल निमोनियाका बिरामीहरूलाई, उदाहरणका लागि, पनि भेन्टिलेटरमा एक वा दुई दिन भन्दा बढी राख्नु हुँदैन । तर कोरोनाभाइरसका बिरामीलाई भेन्टिलेटरमा 'सात दिन, १० दिन, १५ दिन राखिएको छ र उनीहरुकै मृत्यु भइरहेको छ,' न्यूयोर्क राज्यका गभर्नर एन्ड्र्यू कुमोले बुधबार आयोजित ब्रिफिङका क्रममा बताए।

भेन्टिलेटरहरू छोटो समयमा आपूर्ति हुन निकै कठिन हुन्छ । विज्ञहरूले कोरोना पीडितको संख्या बढ्दै जाँदा चिकित्सकमाथि कसलाई भेन्टिलेटरमा राख्ने र कसलाई नराख्ने भन्नेमा द्विविधा उत्पन्न हुने बताउँछन् ।

न्यूयोर्क राज्य स्वास्थ्य आयुक्त डा होवार्ड जुकरले बुधबार अधिकारीहरूले उपचारका लागि भर्ना हुने हरेक बिरामीका लागि अन्य सम्भाव्य उपचार विधिका बारेमा खोज गरिरहेको बताए ।

ज्याचारी शेमटोबले आफ्ना ४५ वर्षीय श्रीमानलाई कोरोना संक्रमण भएपछि भेन्टिलेटरमा राख्नुपर्छ भन्दा आफूलाई निकै डर लागेको बताइन् ।

# क्रिकेटमा सर्वाधिक महँगा ५ बलर



**काठमाडौं, एजेन्सी**-अहिले कोरोना भाइरसको महामारीका कारण विश्व खेलकुद नै प्राय ठप्प छ। विश्व खेलकुदमा क्रिकेट र फुटबल सर्वाधिक चर्चित खेलहरु पनि हुन् । क्रिकेटमा सामान्य अवस्थामा हरेक दिनजसो प्रतियोगिताहरु भइरहेका हुन्थे। तर अहिले सबै प्रतियोगिताहरु स्थगन छन् । क्रिकेटमा रेकर्ड बन्ने र तोडिने सिलसिला सधैं जारी रहन्छ। हरेक राम्रा रेकर्डहरु तोड्नका लागि खेलाडीहरु लालायित हुन्छन् भने खराब रेकर्डमा भने आफ्नो नाम नरहोस भन्ने कामना गर्छन् ।

एक दिवसीय क्रिकेटमा सर्वाधिक रन दिएका पाँच बलरको कुरा गर्दैछौं ।

**क्रिकेटमा सामान्य अवस्थामा हरेक दिनजसो प्रतियोगिताहरूभइरहेका हुन्थे । तर अहिले सबै प्रतियोगिताहरू स्थगन छन् ।**

### मिचेल लुईस

मिचेल लुईसले न्युजिल्याण्डविरुद्ध सन् २००५ मा एक दिवसीय क्रिकेटमा डेव्यु गरेका थिए । एक वर्ष अस्ट्रेलियन टिमबाट खेलेका लुईसले अन्तिम एक दिवसीय क्रिकेट २००६ मा दक्षिण अफ्रिकाविरुद्ध खेलेका थिए। त्यस यता उनी टिममा परेनन् । उनी एकै पारिमा सर्वाधिक रन दिएर विकेट विहीन हुने खेलाडीको शीर्ष स्थानमा छन् । उनले १० ओभर बलिङ गर्दा ११३ रन खर्चिन पुगे पनि विकेट भने हात पार्न सकेनन्। त्यो एक दिवसीय क्रिकेट नै उनको अन्तिम एक दिवसीय क्रिकेट बन्न पुग्यो ।

अस्ट्रेलियाले पहिला ब्याटिङ गर्दै ४ विकेटको नोक्सानीमा ४३४ रन बनाउँदा पनि दक्षिण अफ्रिकाले १ विकेटको जित निकालेको थियो। १० ओभरको स्पेलमा लुईसले २१ बल डट राखेका थिए भने १३ चौका ४ छक्का खान पुगेका थिए। यसैगरी एक बल वाइड गर्दा एक बल 'नो बल' फालेका थिए ।

### वहाव रियाज र राशिद खान

पाकिस्तानका वहाव रियाज र अफगानिस्तानका राशिद खान सर्वाधिक रन दिने खेलाडीको समान दोस्रो स्थानमा पर्छन्। दुवै खेलाडीले ११० रन खर्चिदा विकेट विहीन बनेका थिए। वहावले १० ओभरकै स्पेल पुरा गरे पनि राशिदले भने ९ ओभर मात्रै बलिङ गरेका थिए। यो रेकर्ड दुवैको इंग्ल्याण्डविरुद्ध नै हो । ३० अगस्ट २०१६ मा पाकिस्तानविरुद्ध इंग्ल्याण्डले पहिला ब्याटिङ गर्दै ४४४ रन बनाएको थियो । जसमा वहावले १० ओभर बलिङ गर्दा १९ बल डट राखे भने १२ चौका र चार छक्काको सामाना गरेका थिए । वाइड र नो समान दुई दुई बल फालेका थिए ।

यस्तै २०१८ को विश्वकपमा इंग्ल्याण्डले अफगानिस्तानविरुद्ध पहिला ब्याटिङ गर्दै ३९७ रन बनाउँदा राशिद खान सर्वाधिक महँगो बलर सावित भएका थिए । उनले आफ्नो बचेको १ ओभर पनि गर्न पाएनन्। ९ ओभरमा राशिदले १८ बल डट राखे भने ३ चौका र ११ छक्काको सामाना गरेका थिए।

### भुवनेश्वर कुमार र नुवान प्रदीप

भारतका भुवनेश्वर कुमार र श्रीलंकाका नुवान प्रदीप पनि समानरुपमा तेस्रो स्थानमा पर्छन्। दुवैले १० ओभरको स्पेलमा १०६ रन खर्चिएका छन् । २०१५ मा दक्षिण अफ्रिकाविरुद्ध भुवनेश्वर कुमारले यो खराव रेकर्ड आफ्नो नाममा बनाएका हुन् ।

पाहुना टोली अफ्रिकाले भारतविरुद्ध पहिला ब्याटिङ गर्दै ४३८ रन बनाएको थियो । भुवनेश्वर कुमारले निर्धारित आफ्नो १० ओभरको स्पेलमा १ विकेट लिए पनि १२ चौका र ६ छक्काको सामना गरेका थिए। यस्तै श्रीलंकाका नुवान प्रदीपले भारतविरुद्ध यो खराब रेकर्ड बनाएका हुन् । उनी विकेट विहीन थिए । त्यतिबेला भारतले श्रीलंकाविरुद्ध पहिला ब्याटिङ गर्दै, ३९२ रन बनाएको थियो। भारतका रोहित शर्माले एक दिवसीय क्रिकेटमा दोहोरो शतक पनि बनाएका थिए । जसमा नुवानले ९ चौका र ५ छक्काको सामना गरेका थिए ।

### मार्टिन स्नेडेन, टिम साउथी र ब्रेन भिटोरी

न्युजिल्याण्डका दुई जना खेलाडी मार्टिन स्नेडेन र टिम साउथी तथा जिम्बावेका ब्रेन भिटोरी सार्वाधिक रन खर्चन गर्ने बलरको सूचीमा संयुक्त रुपमा चौथो स्थानमा छन्। यी तीन जना खेलाडीले १०५ रन खर्चिएका छन्। १९८३ तिर एक दिवसीय क्रिकेट ६० ओभरको हुन्थ्यो ।

यस्तोमा एक जना बलरले १२ ओभर बलिङ गर्न पाउँथे । न्युजिल्याण्डका मार्टिन स्नेडेनले इंग्ल्याण्डविरुद्ध खराब रेकर्ड बनाएका हुन् । इंग्ल्याण्डले ३२२ रन बनाएको थियो। स्नेडेनले १२ ओभरमा १०५ रन दिँदै २ विकेट पनि हात पारेका थिए ।

टिम साउथीले २००९ मा भारतविरुद्ध यो खराब रेकर्ड बनाए। भारतले ३९२ रन बनाएको थियो । जसमा महान खेलाडी सचिन तेन्दुलकर १६३ रन बनाउँदै रिटायर्डहट भएका थिए। साउथीले यो खेलमा १० ओभरमा बलिङ गर्दा १०५ रन दिएका थिए। उनले १० चौका र ६ छक्काको सामना गरेका थिए ।

यस्तै जिम्बावेका ब्रेन भिटोरी पनि खराब रेकर्ड बनाउने खेलाडीमा पर्छन् । उनले २०१२ मा न्युजिल्याण्डविरुद्ध खराब रेकर्ड बनाएका हुन् । न्युजिल्याण्डले पहिला ब्याटिङ गर्दै ३७३ रन बनाएको थियो । यो खेलमा भिटोरीले १ विकेट लिए पनि १०५ रन खर्चिएका थिए ।

### ज्याशन होल्डर

वेस्टइण्डिजका ज्याशन होल्डर पनि सवाधिक रन दिने बलरको पाँचौं नम्बरमा पर्छन् । उनको यो रकेर्ड २०१५ मा दक्षिण अफ्रिकाविरुद्ध कायम भएको हो । दक्षिण अफ्रिकाले ४०८ रन बनाएको थियो । यसमा होल्डरले १० ओभर बलिङ गर्दा १ विकेट लिए पनि १०४ रन खर्चिएका थिए।

# फिफा वरियतामा नेपालको स्थान यथावत



**काठमाडौं, मस**-विश्व फुटबलको सर्वोच्च निकाय (फिफा)ले बिहीबार सार्वजनिक गरेको वरियतामा नेपाल यथावत् रहन सफल भएको छ ।

फिफाले सार्वजनिक गरेको नयाँ वरियताअनुसार नेपाल १७० औं स्थानमा रहँदै यथावत् स्थानमा रहन सफल भएको हो । गत महिना पनि नेपाल १७०औं स्थानमै रहेको थियो ।

दक्षिण एशियाली राष्ट्रमा भने नेपाल तेस्रो स्थानमा रहेको छ । नेपालभन्दा अगाडि भारत र माल्दिभ्स रहेको छ । भारत १०८औं स्थानमा रहँदा माल्दिभ्स १५५औं स्थानमा रहेको छ ।

नेपालभन्दा तल भुटान, बङ्गलादेश, श्रीलङ्का र पाकिस्तान रहेको छ। भुटान १८९औं स्थानमा छ भने बङ्गलादेश १८७औं स्थानमा छ। त्यसैगरी पाकिस्तान २००औं स्थानमा रहँदा श्रीलङ्का २०६औं स्थानमा रहेको छ ।

नयाँ वरियताको शीर्ष स्थानमा बेल्जियम रहेको छ भने फ्रान्स दोस्रो स्थानमा छ । त्यसैगरी ब्राजिल तेस्रो, इङ्ल्यान्ड चौथो तथा उरुग्वे पाँचौं स्थानमा रहेको छ। फिफाको नयाँ बरियतमा २१० देशमा एक देशको मात्र बरियतामा फरक आएको छ। जसमा दक्षिण सुडानको मात्र बरियता परिवर्तन भएको छ ।

बाँकी दुई सय नौ देशको बरियता अघिल्लो महिनाको जस्तो यथावत रहेको छ । विश्व फुटबलमा यति धेरै देशको बरियता यथावत रहेको पहिलो पटक हो ।

# क्लिन्टन प्रकरणमा जोडिएकी लिन्डा ट्रिपको निधन



**वासिङ्टन, एजेन्सी**–अमेरिकी पूर्व राष्ट्रपति बिल क्लिन्टन र ह्वाइट हाउसकी इन्टर्न मोनिका लेविन्स्कीबीचको संवाद गोप्य रुपमा रेकर्ड गरेर चर्चामा आएकी लिन्डा ट्रिपको ७० वर्षको उमेरमा बुधबार क्यान्सर रोगबाट निधन भएको छ। यही रेकर्ड काण्डका कारण क्लिन्टन विरुद्ध सन् १९९८ मा संसदमा महाभियोग लगाइएको थियो ।

लिन्डाको मृत्युका बारेमा वकील जोसेफ मर्थाले जानकारी दिए। तर उनले मृत्युका बारेमा थप विवरण दिन अस्वीकार गरे । सन् १९९४ को अगस्टमा लिन्डा ट्रिप अमेरिकी रक्षा मन्त्रालय पेन्टागनमा सार्वजनिक मामिला विज्ञका रुपमा नियुक्त भएकी थिइन् । त्यहीबखत लेविन्स्की पनि ह्वाइट हाउसमा इन्टर्नका रुपमा कार्यरत थिइन्। त्यही सिलसिलामा दुबैबीच मित्रता कायम भएको थियो।

ट्रिपले लेविन्स्कीसँगका गोप्य कुराहरु रेकर्ड गर्नु भएको थियो । कुराकानीका क्रममा लेविन्स्कीले राष्ट्रपति क्लिन्टनसँग आफ्नो प्रेम सम्बन्ध रहेको बताएकी थिइन् । ट्रिपले लेविन्स्कीसँग गरेको २० घण्टाभन्दा बढी समयको टेप राष्ट्रपतिको मामिलाको अनुसन्धान गरिरहेका वकील केनेथ स्टारलाई दिएकी थिइन् । यही अनुसन्धानका आधारमा क्लिन्टनमाथि महाभियोग लागेको थियो ।

# भारतमा कोरोना संक्रमितको संख्या बढ्दो

**नयाँदिल्ली, एजेन्सी**–भारतमा पछिल्ला केही दिनमा कोभिड १९ का सङ्क्रमितहरुको संख्या बढ्दै गएको छ। भारतमा सबैभन्दा बढी सङ्क्रमित महाराष्ट्र राज्यमा देखिएका छन् ।

बिहीबारको तथ्यांकअनुसार भारतमा कोभिड १९ का सङ्क्रमितहरुको संख्या ६ हजार नाघेको छ । बिहीबारसम्म ६ हजार २३४ जनामा यसको सङ्क्रमण भएको भारतीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जानकारी दिएको छ ।

महाराष्ट्रमा कोभिड १९ का सङ्क्रमितहरु दिन प्रतिदिन बढ्दै गएको देखिएको छ। महाराष्ट्र राज्यमा मात्र सङ्क्रमितहरुको संख्या त्यहाँ १ हजार १३५ जना पुगेको बताइएको छ ।

पछिल्लो २४ घन्टा अर्थात बिहीबार बिहानसम्म मात्र महाराष्ट्रमा कोभिड १९ का ५० भन्दा बढी सङ्क्रमित थपिएका छन् । योसँगै महाराष्ट्रमा कोभिडका सङ्क्रमितहरुको



संख्या १ हजार १३५ पुगेको बताइएको छ ।

यसरी भारतका अरु राज्यहरुको तुलनामा महाराष्ट्र सबैभन्दा बढी प्रभावित भएको देखिएको समाचारमा जनाइएको छ। पछिल्लो २४ घन्टामा भेटिएका ५० भन्दा बढी सङ्क्रमितमध्ये ३० जनाभन्दा बढीमा स्थानीय मानिसबाट मानिसमा सरेको पाइएको हो ।

ती ६० मध्येका २५ जना बृहनमुम्बई म्युनिसिपल कर्पोरेसन क्षेत्रका भएका पाइएको यहाँको स्थानीय सरकारी अस्पतालका एक प्रवक्ताले जनाएका छन् ।

भारतमा योसँगै पछिल्लो २४ घन्टाभित्र मात्र ५४० जना संक्रमित थपिएका छन्। भारतमा पछिल्ला केही दिनमा यतिधेरै विरामी भेटिन थालेका हुन् । बुधबार पनि त्यहाँ ७४३ जना संक्रमित भेटिएका अधिकारीहरुको भनाई छ ।

यसरी भारतमा केही दिनयता बढ्दो रुपमा यसका सङ्क्रमितहरु देखिएका पनि बताइएको छ। यहाँका ४०० भन्दा बढी सङ्क्रमित भने उपचारपछि निको भएर घर फर्किएका छन् ।

महाराष्ट्रपछि सबैभन्दा बढी विरामी तालिनाडूमा छन्। तामिलनाडूमा कोरोना सङक्रमण भएका व्यक्तिको संख्या बिहीबार बिहानसम्म ७३८ पुगेको छ ।

त्यसपछिका बढी सङ्क्रमित नयाँ दिल्लीमा छन्। नयाँ दिल्लीमा यसका सङ्क्रमितको संख्या ६६९ रहेको छ । भारतमा यसरी दिन प्रतिदिन नयाँ नयाँ संक्रमितहरु थपिँदै जानु बडो चुनौतीपूर्ण भएको यहाँका स्वास्थ्य अधिकारीहरुले जनाएका छन् ।

**जस्तो सीप उस्तै रोजगार**

मुख्य रूपमा साउदी अरब, कतार, मलेसिया र कुवेतमा भनेको काम र तोकेको तलबका लागि दक्ष, अर्धदक्ष र अदक्ष कामदार पठाउने सुरक्षित, भरपर्दो र विश्वसनीय म्यानपावर

**अक्सफोर्ड इन्टरनेशनल प्रा.लि.**

जावलाखेल (नेसनल क्यान्सर अस्पतालसँगै), ललितपुर

फोन नं. ५५५५६८३, ५५५५५३१, फ्याक्सः ५५५५७९४

E-mail:info@oxfordint.com.np, oxfordint@wlink.com.np

OXFORD International

नेपाल सरकारबाट श्रम इजाजतपत्र नं. ९१०/०६७/०६८

**वैदेशिक रोजगारमा गुणस्तरीय सेवा र गुणस्तरीय रोजगारीका लागि विगत १८ वर्षदेखि सञ्चालित यस कम्पनीमा सम्पर्क गर्नुहोस ।**

Pasa INTERNATIONAL PVT. LTD.

Kupondol, Lalitpur, Tel: 5539331, 5554499

Web: www.pasainternational.com.np


Email: pimt@pasa.wlink.com.np

pimt@pasainternational.com.np

श्रम इजाजत पत्र नं. ११६/०५५/५६

## कोभिड-१९ :

# सबै स्थानीय तहमा विपद् व्यवस्थापन कोष




**काठमाडौं/मस**–कोभिड-१९ को जोखिमलाई सामना गर्न तनहुँ जिल्लाका १० वटै पालिकाले विपद् व्यवस्थापन कोष सञ्चालनमा ल्याएका छन् । यहाँका चार नगरपालिका र छ गाउँपालिकाले विपद् कोष खडा गरी कोषमा रकम समेत जम्मा गरेका छन् ।

व्यास नगरपालिकाले रु एक करोडको कोष खडा गरेको छ । शुरुमा रु २५ लाख विनियोजन गरेको सो नगरपालिकाले पछि रु ७५ लाख थप गरेको प्रवक्ता मोहनकुमार श्रेष्ठले जानकारी दिए । उनका अनुसार उक्त कोषको रकमबाट औषधि, स्वास्थ्यकर्मीका लागि आवश्यक सामग्रीलगायत व्यवस्थापन गरिनेछ ।

शुक्लागण्डकी नगरपालिकाले रु ६० लाखको कोष खडा गरेको छ । कोभिड –१९ को जोखिम न्यूनीकरण गर्न आवश्यक सामग्री खरिद, सचेतना कार्यक्रम सञ्चालन गर्न कोष बनाइएको नगरप्रमुख किसान गुरुङले जानकारी दिए । "कोरोनाले भयावह स्थिति सिर्जना गरेको खण्डमा यति रकमले पनि पुग्दैन, त्यस्तो अवस्था आएमा विकास निर्माणका बजेटलाई रकमान्तर गरेर भएपनि कोषमा बजेट वृद्धि गर्छौं ।"

म्याग्दे गाउँपालिकाले रु २५ लाखको कोष निर्माण गरेको छ । कोषमा विभिन्न व्यक्ति तथा सङ्घसंस्थाले पनि सहयोग गर्न थालेको प्रमुख प्रशासकीय अधिकृत हरिराम नागिलाले जानकारी दिए । देवघाट गाउँपालिकाले रु २० लाखको कोष निर्माण गरेको छ । प्रदेश सरकार, स्थानीय सामुदायिक वन, बैङ्क तथा वित्तीय संस्थाले कोषमा सहयोग गरेकाले रु ४० लाखसम्म पुग्न सक्ने गाउँपालिकाका अध्यक्ष दुर्गबहादुर थापाले जानकारी दिए । बन्दीपुर गाउँपालिकाले रु १५ लाखको कोष स्थापना गरेको छ । उक्त कोषको रकमबाट राहतका सामग्री वितरण र स्वास्थ्यकर्मीको सुरक्षामा आवश्यक सामग्री खरिद गरिएको अध्यक्ष पूर्णसिं थापाले जानकारी दिए । उनका अनुसार उक्त कोषमा थप रु १५ लाख वृद्धि गर्ने गाउँपालिकाको योजना छ ।

भानु नगरपालिकाले रु ५० लाखको कोष स्थापना गरेको छ । त्यस्तै आँबुखैरेनी गाउँपालिकाले रु २५ लाख, भीमाद नगरपालिकाले रु २६ लाख, घिरिङ गाउँपालिकाको रु ४८ लाख, ऋषिङ गाउँपालिकाले रु पाँच लाखको कोष स्थापना गरेको छ ।

# भाटभटेनीद्वारा २५ लाख सहयोग




**काठमाडौं/मस**–गण्डकी प्रदेश सरकारले स्थापना गरेको कोभिड–१९ को रोकथाम, व्यवस्थापन तथा उपचार कोषमा भाटभटेनी सुपरमार्केट एण्ड डिपार्टमेण्टल स्टोर्सले रु २५ लाख सहयोग गरेको छ। गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङलाई पोखरा-९ न्यूरोडमा अवस्थित सो सुपरमार्केटको यहाँस्थित शाखा प्रवन्धक चक्र लालचनले बुधबार सो रकम बराबरको चेक हस्तान्तरण गरेका हुन ।

मुख्यमन्त्री गुरुङले विपद्को सामना गर्नका लागि सरकारले खडा गरेको कोषमा रकम जम्मा गरेकामा सो स्टोर्स परिवारप्रति आभार व्यक्त गर्दै अन्य इच्छुक व्यक्ति तथा संस्थालाई समेत रकम जम्मा गरेर सहयोगका लागि आग्रह गरे। भाटभटेनीले देशका अन्य प्रदेश सरकारलाई समेत सहयोग गर्ने भएको छ ।

सरकारले सो भाइरसको जोखिम न्यूनीकरण , उपचार तथा राहत वितरणका लागि यही चैत १२ गते सो कोष स्थापना गरेसँगै सार्वजनिक तथा निजी सङ्घसंस्था र व्यक्तिबाट रकम जम्मा हुने क्रम जारी रहेको छ । पोखरा महानगरपालिका तथा रुपा गाउँपालिकाले समेत कोरोना रोकथामलाई लक्ष्य गरी कोष खडा गरेका छन् ।

# २४ परिवारलाई जोन्टा क्लबको सहयोग

**काठमाडौं/मस**-जोन्टा क्लब अफ काडमाडौंले २४ परिवारलाई खाध्यान्न सहयोग गरेको छ । क्लबले विश्व महामारीका रुपमा फैलिएको कोरोना भाईरसका कारण दैनिक ज्याला मजदुरी गर्न नपाएका परिवारलाई खाध्यान्न सहयोग गरेको हो । क्लवले जोनसियन कमल तुलाधारको संयोजकत्वमा दैनिक ज्याला मजदुरहरुलाई खाद्यान्न प्याकेजहरु वितरण गरेर कोभिड–१९ संकटको सामना गर्न मद्दत गरिरहेको छ । उक्त प्याकेजमा चामल, दाल गेडागुडी, खाने तेल, चिउरा, नुन, चिनी र चियापत्ती रहेको छ । हालसम्म जोन्टाले बिजयश्वरी, बुढानिलकण्ठ, ढल्कु, जागृतिनगर, जोरपाटी, लिलि, महांकाल, नार्गजुन, शंखमुल, सिनामङ्गल, थली, थापाथली, टोखा नगरपालिका र टेकु (बागमती क्षेत्र) का दैनिक ज्याला मजदुरहरुलाई १ हजार खाद्यान्न प्याकेजहरु वितरण गरिसकेको छ । क्लबले विकल्प, नेपाल महिला समाज, फुड फर लाइफ, आईसीडीओ, स्काई फाउन्डेशन र प्रन्डस् संगठनहरुसँग साझेदारी गरि उक्त खाध्यन्न सहयोग गरेको हो। ३ सय परिवारलाई मात्रै खाध्यन्न वितरण गर्ने लक्ष्य लिएको क्लबले साथ र सहयोगका आधारमा २४ सय परिवारलाई खाध्यन्न वितरण गरेको हो । जोन्टाले आगामी दिनहरुमा पनि खाद्यान्न प्याकेजहरु वितरण गर्न जारी राख्नेछ ।

# रोटरी क्लबले ३६ आइसोलेशन शैया बनाउन सहयोग गर्दै

Rotary Club of Kathmandu Mid-Town

**काठमाडौं/मस**-रोटरी क्बलले कोभिड –१९ को सम्भावित जोखिम हुन नदिन ३६ आइसोलेशन शैयया तयार गर्न सहयोग गर्ने भएको छ ।

रोटरी इन्टरनेशनल ड्रिस्टिक ३२९२ तथा रोटरी क्लब अफ जावलाखेलको आयोजनामा कोरोना रोटरी सेन्टरमार्फत विभिन्न अस्पतालमा ती शयया बनाउन सहयोग गर्न लागेको हो ।

तत्काल दुई शयया र बाँकी क्रमशः विस्तार गर्दै लैजान लागेको रोटरी इन्टरनेशनलका पूर्वडिस्टिक गभर्नर जया राज्यलक्ष्मी शाहले जानकारी दिए । "तत्कालका लागि दुई शयया मात्रको आइसोलेशन कक्ष निर्माण गर्न लागेका हौँ । विस्तारै आइसोलेशन शयया थप गर्दै लैजान्छौँ", उनले भने ।सो सस्थाले कोरोना भाइरसबारे निःशुल्क जानकारी दिन नेपाल नेशनल अस्पताल कलङ्कीमा ११४७ नम्बरको हटलाइन सेवासमेत सञ्चालनमा ल्याएको छ। सेवालाई आफूभन्दा माथि ठानेर सन् १९५० मा नेपाल शाखा स्थापना भएको रोटरी इन्टरनेशनलले विभिन्न विपद्, शिक्षा, स्वास्थ्य, सरसफाइ, युवा शान्तिलगायतका क्षेत्रमा काम गर्दै आएको छ।

रोटरी इन्टरनेशनलले विसं २०७२ को विनाशकारी भूकम्पबाट क्षतिग्रस्त ८० विद्यालय भवनसमेत पुननिर्माण गरिसकेको छ । यस्तै थापाथली, धुलिखेललगायत नेपालका विभिन्न क्षेत्रमा ज्येष्ठ नागरिक केन्द्रसमेत स्थापना गरेको छ । रोटरीका हाल देशभर १२३ शाखा रहेका छन् ।

# ललितपुर उद्योग वाणिज्य सङ्घद्वारा खाद्यान्न सहयोग



**काठमाडौं/मस**-ललितपुर उद्योग वाणिज्य सङ्घले मुलुकमा कोभिड-१९ त्रासका कारण भइरहको बन्दाबन्दीमा ललितपुरका तीन स्थानीय तहलाई खाद्यान्न सहयोग गरेको छ । सङ्घले ललितपुर महानगरपालिका, गोदावरी र महालक्ष्मी नगरपालिकाका विपन्न, अपाङ्ग, असहाय, दैनिक ज्यालादारी गर्ने व्यक्ति वा मजदुरको परिवार भोकै बस्न नपरोस् भनी खाद्यान्न सहयोग गरेको हो ।

सङ्घले महानगरपालिकालाई दुई टन चामल, क्विन्टल दाल, गोदावरी र महालक्ष्मी नगरपालिकालाई एक-एक टन चामल र ५०-५० किलो दाल राहत वितरण गर्न सहयोग गरेको अध्यक्ष कृष्णलाल महर्जनले जानकारी दिए । उहाँले भने, "भौगोलिक विकटताको कारण हामीले ललितपुरका ती गाउँपालिकामा थप खाद्यान्न सहयोग गर्न सकेका छैनौँ । यी गाउँपालिकामा पनि खाद्यान्न सहयोग गर्नका लागि हामीले छलफल गरिरहेका छौँ ।" सहजरुपमा राहत लाने व्यवस्था मिलेमा यी तीनै गाउँपालिकालाई पनि खाद्यान्न सहयोग गर्ने महर्जनले बताऐ ।

सङ्घले दैनिक काम गरेर खानुपर्ने महानगरपालिकाका १५० स्थानीय परिवारलाई १०-१० किलो चामल र एक-एक किलो दाल वितरण गरिसकेको छ । सङ्घले सुरक्षा निकाय लगायतका केही स्थानीयलाई पाँच हजार थान मास्क पनि वितरण गरिसकेको महासचिव मनोजबहादुर न्याछ्योले बताऐ ।

यसैगरी अखिल नेपाल फुटबल सङ्घ (एन्फा)ले कोरोना सङ्क्रमण र नियन्त्रणका लागि महानगरपालिकालाई दुई वटा एम्बुलेन्स सहयोग गरेको छ । कोरोना सङ्क्रमण नियन्त्रणमा आएपछि उक्त एम्बुलेन्स एन्फालाई नै फर्काउने गरी एन्फाका अध्यक्ष कर्माछिरिङ शेर्पा र महानगपालिका प्रमुख चिरीबाबु महर्जनबीच सहमतिपत्रमा हस्ताक्षर भएको महानगरपालिकाले जनाएको छ ।

# चन्द्रागिरिका १० हजार परिवारलाई राहत




**काठमाडौं/मस**- चन्द्रागिरी नगरपालिकाले १० हजार घरपरिवारलाई राहत वितरण गरेको छ । विश्वव्यापी भएको नोबेल कोरोना भाइरसको सम्भावित सङ्क्रमणलाई ध्यानमा राखेर सरकारले लकडाउन गरेपछि मजदुरी गरेर दैनिक गुजारा चलाउँदै आएका १० हजार घरपरिवारलाई नगरपालिकाले राहत वितरण गरेको हो। नगरपालिकाका प्रवक्ता हरिभक्त महर्जनले चन्द्रागिरीका १५ वडाका दैनिक मजदुरी गरेर गुजारा चलाउने १० हजार परिवारलाई राहत वितरण गरेको जानकारी दिए। "राहतका लागि अहिलेसम्म १० हजार ७४५ घरपरिवारले नगरपालिकामा आवेदन दिएपनि अहिलेसम्म १० हजार घरपरिवारलाई राहत वितरण गरिसकेका छौँ", उनले भने ।

नगरपालिकाले एकद्वार प्रणालीमार्फत राहत वितरण गरिरहेको छ । चन्द्रागिरीले तीन जनाको परिवारसम्मलाई १० किलोग्राम मन्सुली चामल, एक किलोग्राम मुसुरो दाल, एक किलोग्राम नुन, दुई किलोग्राम च्यूरा, एक किलोग्राम चिनी र दुई पिस साबुन रहेको छ। यस्तै चार वा चारभन्दा बढी परिवार भएका व्यक्तिलाई १५ किलोग्राम मन्सुली चामल, एक किलोग्राम मुसुरो दाल, एक किलोग्राम नुन, दुई किलोग्राम च्यूरा, एक किलोग्राम चिनी र दुई पिस साबुन वितरण गरिने नगरपालिकाले जनाएको छ।

विश्वव्यापी रुपमा फैलँदै गएको नोबेल कोरोना भाइरसको नेपालमा सम्भावित सङ्क्रमणका कारण सरकारले चैत ११ गते बिहानदेखि वैशाख ३ गतेसम्म 'लकडाउन' गरेपछि दैनिक मजदुरी गरेर पेट पाल्दै आएका विपन्न परिवारलाई खानाको अभाव हुँदै आएको छ। चन्द्रागिरी नगरपालिकाले कोभिड-१९ को नियन्त्रण तथा राहतका लागि रु एक करोड ५० लाख रकम विनियोजन गरेको थियो । चन्द्रागिरी बागमति प्रदेशकै सबैभन्दा ठूलो नगरपालिका हो। उक्त नगरपालिकामा १५ वडा रहेका छन् ।

COVID-19 NOVEL CORONA VIRUS (nCOV)

जनहितका लागि जारी जनचेतनामूलक सन्देश

नोबेल कोरोना भाइरस (Conid-19) का मुख्य लक्षणहरु

ज्वरो (१००.४° F भन्दा माथि)

श्वासप्रश्वासमा अत्याधिक समस्या

रुघा र खोकी

नोबेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ताभित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्नें।

कसरी आफू बच्ने र अरुलाई बचाउने ?

नियमित रूपमा साबुन पानीले हात धुने ।

खोक्दा र हाछ्युँ गर्दा नाक र मुख छोप्ने ।

फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।

फ्लू जस्तो लक्षण देखिने जो कोहीको सम्पर्कबाट टाढा रहने ।

जङ्गली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा रहने ।

पशुजन्य मासु, दुध तथा अण्डा राम्रोसँग पकाएर खाने ।

मध्यान्ह राष्ट्रिय दैनिक Madhyanha National Daily

कार्यालय
बागबजार, काठमाडौं
फोन नं. ०१-४२२६३६६

www.madhyanhadaily.com
मध्यान्ह दैनिकको facebook Page
Madhyanha News

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुविधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
डि. आर. ट्रेडिङ्ग कन्सर्न
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८१३२५४२७५

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर
नयाँ बसपार्कमा पनि खुलेको
यात्रुहरूलाई जानकारी गराईन्छ ।
सम्पर्क : कलंकी : फोन : ४२८१९७२
प्रेम रतन डिलक्स काठमाडौं-गौर, सम्पर्क : ९८५१०६३०४२ (प्रेम)
ग्यालक्सि डिलक्स : लालवन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन्, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com
Janatapatinews Janatapati Janatapati

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**